# अध्याय 18: हुलाक सेवाहरू

**सामान्य जानकारी**

हङकङमा हुलाक सेवा हङकङ हुलाकद्वारा प्रदान गरिन्छ जसले उचित मूल्यमा भरपर्दो, कुशल सेवा दिन्छ।

तपाईंको पत्र तुरून्तै पठाइएको छ भनेर निश्चित गर्न, खामको माथि दायाँ कुनामा छाप लगाउनुहोस् र स्पष्ट रूपमा ठेगाना लेख्नुहोस्। यसो नगरिएमा, विशेष प्रवाह गर्ने क्रमको कारण ढिलाई हुनसक्छ। तपाईंलाई पत्र पठाउनको लागि आवश्यक सबै पत्र सामग्रीहरूको लागि पर्याप्त हुलाक शुल्क भुक्तान गरेको निश्चित हुन पनि पुन: सम्झाइन्छ।

हङकङ पोस्ट वेबसाइट र हङकङ पोस्ट मोबाइल एपमा उपलब्ध भएको अनलाइन अड्रेसिंग उपकरण स्थानीय पोस्टको लागि सही ठेगाना ढाँचा सरल तरिकाले पत्ता लगाउँनको लागि सामान्य जनतालाई प्रोत्साहन गर्न उपलब्ध गराइन्छ। उपकरणहरूले पनि तपाईंलाई खाममा ठेगाना प्रिन्ट गर्न र पोस्टिङ वा अन्य उद्देश्यहरूको लागि लेबुलहरू आचरण गर्न सक्षम गर्छ। डेलिभरी गर्न नसकिने पत्रको फिर्ता प्रोत्साहन गर्न, कृपया खामको अगाडि वा पछाडि भागमा रहेको माथिल्लो बायाँ-हातको कुनामा प्रेषकको नाम र ठेगाना लेख्नुहोस्। थप विवरणहरू यस लिङ्कमा उल्लिखित गर्न सकिन्छ: https://www.hongkongpost.hk/en/about_us/tips/correct_address/index.html/

सबै हवाईटिकट पत्रहरू निलो रङ्गको "By Air Mail" लेबुलसँग सम्बद्ध गर्नुपर्छ। यी टिकटहरू सबै हुलाक कार्यालयहरूमा नि: शुल्क उपलब्ध छन्। खामको ठेगानाको माथिल्लो बायाँ कुनामा वा पार्सल वा प्याकेटमा रहेको ठेगानाको निजकै लेबुल राख्नुहोस्। यदि तपाईसँग हवाईपत्र लेबुल छैन भने, हवाईपत्र वस्तुहरूमा "BY AIR MAIL" लेख्नुहोस्।

पोष्ट गरेर पठाएको सबै पार्सलहरू अनुकूलन मार्फत सहज पूर्वअनुकूलन प्ल्याटफर्ममा वा पोस्ट कार्यालयहरूमा उपलब्ध भएका विशिष्ट फारामहरूमा घोषित गर्नुपर्छ। भन्सार विवरण फाराममा पत्र सामग्रीहरूको विस्तृत र वास्तविक विवरण (जस्तै, विवरणहरू, संख्या र तौल वा परिमाण, आदि) उल्लेख गर्नेपर्छ। सहज पूर्वअनुकूलन प्ल्याटफर्मबारे थप जानकारीको लागि कृपया https://easy-precustoms.hongkongpost.hk/epc/ मा जानुहोस्।

पोष्ट गर्नको लागि निषेधित खतरनाक लेखसम्बन्धी जानकारीको लागि, तपाईं https://www.hongkongpost.hk/filemanager/common/poguide/en/6.3.pdf वेबसाइटमा जान सक्नुहुन्छ।

**पत्र सेवा**

हङ्कङ् हुलाकले पत्र, पोस्टकार्ड, प्रिन्ट गरिएका कागज (विदेश पत्रको लागि मात्र) र पार्सलहरू साथसाथै निम्न अन्य सेवाहरूको लागि पत्राचार सेवाहरूको प्रस्ताव गर्छ:

**पुनः निर्देशन सेवा**: यदि तपाईं सर्नुभएको छ भने, तपाईंको पत्र तपाईंको व्यवसाय र आवास टेगानाबाट तपाईंको हङकङमा वा विदेशको नयाँ ठेगानामा पुन:पठाउन सजिलो छ। यो सेवाको लागि आवेदन फारामहरू सबै हुलाक कार्यालयमा उपलब्ध छन् वा https://www.hongkongpost.hk/en/receiving_mail/redirection/ वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ

**स्पिडपोष्ट**: स्पिडपोस्टले विश्वभरिका 210 भन्दा बढी मुलुकहरूमा र मेनल्यान्ड चीनमा 1,900 सहरहरूमा सुविधाजनक, छिटो र भ्यालु-फर-मनि अन्तर्राष्ट्रिय कुरियर सेवाको प्रस्ताव गर्छ। स्पिडपोस्ट 24-घण्टा अनलाइन ट्र्याकिङद्वारा समर्थन गरिएको छ र रकम-फिर्ताले ग्राहकलाई थप मानसिक शान्ति उपलब्ध गराउँछ भनी ग्यारेण्टी दिन्छ। स्पिडपोस्ट वेबसाइट https://speedpost.hongkongpost.hk/ मा र स्टक रहँदा सबै पोस्ट कार्यालयमा उपलब्ध भएका सेवा जानकारीका विवरणहरू स्पिडपोस्ट दर योजना (Pos15A/1) र पोस्टिङ मार्गदर्शक (Pos15A/2) मा उपलब्ध छन्।

**स्थानीय कुरियरपोस्ट**: स्थानीय पत्र पठाउनको लागि यो एउटा छिटो, भरपर्दो, सुविधाजनक र भ्यालु-फर-मनिको विकल्प हो। पोस्ट गरिएका वस्तुहरूको लागि वा काम गर्ने दिनको समय काट्नुअघि, हङकङ हुलाकले सेवा क्षेत्रहरूमा समयमा डेलिभर गर्ने ग्यारेन्टी दिन्छ। थप जानकारीको लागि तपाईं https://www.hongkongpost.hk/en/sending_mail/local/lcp/ वेबसाइटमा जान सक्नुहुन्छ।

**दर्ता गरिएको पत्र**: जब तपाईंले कुनै महत्वपूर्ण सामान पठाउनुहुन्छ, तपाईंले यो सेवा रोज्न सक्नुहुन्छ, जसको लागि जब तपाईंले सामानहरू पठाउनुहुन्छ पोष्ट गरेको प्रमाणपत्र प्रदान गरिनेछ। दर्ता सेवा सम्बन्धी जानकारीको लागि, तपाईं निम्न वेबसाइटमा जान सक्नुहुन्छ
https://www.hongkongpost.hk/en/sending_mail/local/registered/

**EC-Get**: EC-Get पोस्ट गर्ने सामान्य विधि र लचिलो मेल सङ्कलन व्यवस्था प्रदान गर्ने आर्थिक स्थानीय मेल सेवा हो। यो अनलाइन ट्रेकिङ विशेषताको साथमा आउँछ र मेल गरिएको वस्तु सफलतापूर्वक प्रापकले पिक अप गरेपछि, तपाईंलाई इमेल मार्फत सतर्क गराउँछ। सेवाका विवरणहरूको लागि, कृपया https://www.hongkongpost.hk/en/sending_mail/local/ec_get/index.html मा जानुहोस्

**भ्यान्टेज**: भ्यान्टेज अन्तराष्ट्रिय कुरियर सेवा हो जसले 26 युरोपेली राष्ट्रहरू र USA मा आर्थिक र तीव्र अन्तराष्ट्रिय डेलीभरि सेवा प्रदान गर्दछ। भ्यान्टेजले प्रापकहरूलाई डेलीभरि गर्ने मिति वा सङ्कलन पोइन्ट चयन गर्ने लचिलोपन प्रदान गर्ने भएकोले डेलीभरि पूर्व युरोपमा भएका प्रापकहरूलाई पूर्ण ट्र्याकिङ सेवा र SMS सन्देशको प्रस्ताव गर्दछ। सेवाका बारेमा विवरणहरूका लागि, तपाईं https://www.hongkongpost.hk/en/sending_mail/international/courier/vantage/index.html वेबसाइटमा जान सक्नुहुन्छ

**बीमा**: जब तपाईंले कुनै मूल्यको सामान पठाउनुहुन्छ, हङकङ हुलाकद्वारा यसलाई बीमा गरिनुपर्ने हुनसक्छ जसले गर्दा सामान हराएमा तपाईंलाई क्षतिपूर्ति दिन सकिन्छ। कृपया हाम्रो वेबसाइटको पोस्ट कार्यालयहरू वा ब्राउजरसँग जाँच गर्नुहोस् https://www.hongkongpost.hk/en/sending_mail/international/air/insured/ र यो सेवालाई समर्थन गर्ने राष्ट्रहरू जाँच गर्नुहोस्।

**पूरक सेवाहरू**

**पेथ्रुपोस्ट**: तपाईंले हङकङ हुलाकको पेथ्रुपोष्ट सेवामार्फत एक-ठाँउको रसिद भुक्तान सेवाको मजा लिन सक्नुहुन्छ। तपाईंको सरकारी रसिद र उपयोगिता रसिदलाई पेथ्रुपोष्ट सेवा मार्फत हङकङभरि कुनैपनि हुलाक कार्यालयहरूमा व्यवस्थित गर्न सकिन्छ। यो सरल र सुविधाजनक छ। थप विवरणहरूको लागि, कृपया https://www.hongkongpost.hk/en/services/payment/ मा जानुहोस्

**ई-रेमिटेन्स सेवा**: हङकङ पोस्टले वेस्टर्न युनियन ई-रेमिटेन्स सेवा उपलब्ध गर्छ। यी सेवाले तपाईंलाई पैसा पठाउने / प्राप्त गर्ने आर्थिक र पर्याप्त तरिका उपलब्ध गर्छ। तपाईंलाई 200 राष्ट्रहरू र क्षेत्रीय विश्वव्यापीमा पैसा पठाउँन अनुमति दिने वेस्टर्न युनियन ई-रेमिटेन्स चयन गरिएको 49 पोस्ट कार्यालयहरूमा उपलब्ध छ। प्रापकहरूले 515,000 भन्दा बढी एजेन्ट भएका स्थानहरूना पैसा प्राप्त गर्न सक्नुहुन्छ। थप जानकारीहरूको लागि, कृपया निम्नमा जानुहोस् https://www.hongkongpost.hk/en/services/remittance/electronic_remittance/

**हुलाक कार्यालय बाकस सेवा**: निजी हुलाक कार्यालय बाकसहरू हुलाकीद्वारा टेगाना स्थानमा पुऱ्याउने वैकल्पिकको रूपमा भाडावाल वा उसको एजेन्टद्वारा लिनको लागि हुलाक प्याकेटहरूको रिसेप्सनमा उपलब्ध छन्। निजी हुलाक कार्यालय बाकसहरू 18 वर्ष वा सो भन्दा माथिका हङकङ निवासीहरू वा स्थानीय रूपमा दर्ता गरिएका व्यवसाय वा संस्थाहरूलाई भाडामा दिन सकिन्छ। सेवाका विवरणहरूको लागि, कृपया https://www.hongkongpost.hk/en/receiving_mail/letter_boxes/pobox/ मा जानुहोस्

**ई-सर्ट सेवा:** पहिचान गरिएको प्रमाणीकरण अधिकारीको रूपमा रहेको हङकङ पोस्टले बैंकिङ, वित्त, व्यावसायिक, शिक्षा र सरकारी सेवाहरूका क्षेत्रहरूमा सुरक्षा सक्षम र अनलाइन विद्युतिय लेनदेनहरू संरक्षित गरी व्यक्तिगत र संस्थागत इ-सुरक्षा आवश्यकका लागि विभिन्न प्रकारका डिजिटल प्रमाणपत्र र सम्बन्धित सेवाहरूको प्रास्ताव गर्छ। थप विवरणहरूको लागि, कृपया https://www.hongkongpost.hk/en/services/ecert/ मा जानुहोस्

**"iAM Smart+" दर्ता:** हङकङ हुलाकले सरकारी मुख्य सूचना अधिकारी कार्यालयको "iAM Smart+" मा दर्तासेवा प्रदान गर्दछ। तपाईंले कानुनी कागजातहरूको प्रक्रिया गर्न र अनलाइन कार्यविधिहरू गर्नका लागि विद्युतीय कारोबार अध्यादेश (Cap.553) अनुसार डिजिटल रूपमा हस्ताक्षर गर्न "iAM Smart+" प्रयोग गर्न सक्नुहुन्छ। थप विवरणहरूको लागि, कृपया https://www.hongkongpost.hk/en/services/iam_smart/index.html मा जानुहोस्

## हामीलाई सम्पर्क गर्नुहोस्

| | |
|---|---|
| सामान्य सोधपूछ | 2921-2222 |
| पत्र ट्रेसिङ | 2921-2211/<br>2921-2560 |
| Speedpost / Local CourierPost<br>• उठाउनुहोस्<br>• खाता खोल्ने<br>• खाता सोधपूछहरू | <br>2921-2266<br>2921-2277<br>2921-2248 |
| फिलाटेटिक | 2785-5711 |
| प्रमाणीकरणन अधिकारी (इ-सर्ट) सेवाहरू | 2921-6633 |
| काउण्टर सेवाहरू | 2525-5856 |
| पत्र डेलिभरी | 2723-3454 |
| स्ट्रिट पोस्ट गर्ने बाकसहरू | 2356-2516 |
| इ-मेल | hkpo@hkpo.gov.hk |
| फ्याक्स | 2868-0094 |
| वेबसाइट | https://www.hongkongpost.hk |
| हङकङ पोस्ट मोबाइल अनुप्रयोग | iOS संस्करण<br>एन्ड्रोइड संस्करण |